फोन.नं. ०९९-५४००१०
info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्याः-२०७७/०७८ मितिः- २०७७/११/०३
च.नं.:१६३०

श्री वडा कार्यालय सबै।
शुक्लाफाँटा नगरपालिका

बिषयः- आगामी आ.ब.२०७८/०७९ का लागि बेरोजगार ब्यक्ति सूचिकरण सम्बन्धमा।

प्रस्तुत बिषयको सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको (प्रधानमन्त्री रोजगार कार्यक्रम) को मिति २०७६/१०/२५, च.नं. २५८ को प्राप्त पत्रानुसार आगामी आ.ब. २०७८/०७९ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रमले लक्षित गरिब विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याई न्यूनतम रोजगारी प्रदानगर्न सहयोग पुर्याउने उद्देश्यका साथ बेरोजगार व्यक्तिहरुले मिति २०७७ फागुन मसान्त सम्म सम्बन्धित वडा कार्यालयमा निवेदन दिने सम्बन्धी सूचना प्रकाशनका साथै प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिकाको अनुसूचि १ बमोजिमको फारम संकलन गरिदिनहुन अनुरोध छ।

प्रमुख प्रसाशकीय अधिकृत

फोन.नं. ०९९-५४००१०
info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

मिति:- २०७७/११/०२

## आगामी आ.ब. २०७८/०७९ का लागि बेरोजगार व्यक्ति सूचिकरण सम्बन्धी सूचना ।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संसोधन २०७७) बमोजिम आगामी आ.ब. २०७८/०७९ का लागि स्थानीय तह मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदानगर्न इच्छुक १८-५९ बर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुले २०७७ फागुन मसान्त सम्म आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिन हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय, नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र तथा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

**निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु:-**

१. निवेदक सहित परिवारमा भएका सम्पूर्ण सदस्यहरुको नागरिकताको स्पष्ट देखिने प्रतिलिपि ।

२. नागरिकता नभएका बालबालिकाहरुको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि ।

३. फोन नं., बार्षिक पारिवारीक आय, र कामगर्ने समय अनिवार्य रुपमा भर्नुपर्ने छ ।

४. फारममा भएको पारिवारिक विवरणमा निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्म मिति, नागरिकता नं.,जारी मिति, जारी जिल्ला, शैक्षिक योग्यता, सिप, रोजगारीको अवस्था आदि विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।

५. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षाभत्ता, तथा अन्य (पेन्सन), कुनै सेवा सुविधा बाफत पाएको रकम विवरण अनिवार्य रुपमा भर्नुपर्ने छ ।

६. फारममा रहेको बुँदा नं. ७ मा रहेका विवरण भएकाकालाई प्राथमिकता दिइने छ ।

७. साथै निवेदक कुनै किसिमको स्वरोजगारमा संलग्न नभएको हुनुपर्नेछ ।

नोट:- प्रधानमन्त्री रोजगार कार्यक्रमको सोच लक्षित, गरिब, विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पुरयाउने भएकाले सोही बमोजिमका व्यक्तिहरुलाई छनौट गरी वडा समितिवाट निर्णय गरी पठाउन हुन अनुरोध छ ।

प्रमुख प्रसाशकीय अधिकृत